नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

(..............................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५११५०१, ४५३९३६२

फ्याक्स: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- २०७९/०८०(अनुमतिपत्र)

चलनी नं.:- ९२६५

मिति: २०८०/१/२६

विषय : कालिञ्चोक साना ज.वि.आ.को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।

श्री हिमालयन इनर्जी प्रा.लि.
काठमाण्डौ ३१, नयां बानेश्वर, काठमाण्डौ, नेपाल
फोन नं. ४४९९५१९, ४७८५४०९, सम्पर्क मोवाइल नं. : ९८५१०४३०१५, ९८५११७३७५३
Email: bidurgautam@gmail.com

प्रस्तुत विषयमा त्यस प्रा.लि.ले कालिञ्चोक साना जलविद्युत आयोजना (३ मेगावाट)को विद्युत उत्पादनको अनुमतिपत्रको माग गरी पेश गरेको दरखास्त माथि कारवाही हुंदा नपुग कागजात विवरणहरू ३५ दिनको समयावधि भित्र पेश गर्न विभागको मिति २०७९/५/१६ च.नं. २४१ को तथा १५ दिनको समयावधि भित्र पेश गर्न विभागको मिति २०७९/८/२६ च.नं. ६२९ को पत्र मार्फत तहांलाइ पत्राचार गरिएकामा तपशिल बमोजिमका कागजात विवरणहरू अझै पेश भएको नदेखिंदा सो विवरणहरू ७ दिनको समयावधिभित्र पेश गर्नुहुन र सो विवरणहरू पूर्ण रूपमा पेश भए पछि मात्र अनुमतिपत्र जारी गर्न सकिने अन्यथा नियमानुसार कारवाही गरिने व्यहोरा विभागको मिति २०८०/१/२६ को निर्णयानुसार जानकारी गराईन्छ ।

<u>तपशिल (नपुग तथा पेश गर्नु पर्ने थप कागजात विवरण) :</u>

१. उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत) को नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि ।

२. प्रबर्द्धक श्री हिमालयन इनर्जी प्रा.लि.को रजिष्टर्ड चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको आयोजनामा लगानी गरिने शेयर बराबरको कम्पनीको खुद सम्पत्ति (नेटवर्थ), वा सो बराबरको रकम शेयरको रुपमा शेयरधनी हरुले लगानी गर्न सक्ने क्षमता पुष्टि हुने बैंक विवरण (स्टेटमेन्ट), वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने प्रमाणित कागजात, बैंक जमानत (स्टेटमेन्ट) वा अन्य सम्पत्ति विवरणको प्रमाणित प्रति र त्यस्तो कागजात प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेन्टको संस्था दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू ।

३. आयोजनामा प्रत्यक्ष रुपले ऋण लगानी गर्ने वित्तीय संस्थाहरुसँग भएको ऋण सम्झौता वा ती संस्थाहरुले शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने गरी ऋण लगानी गर्न व्यक्त गरेको प्रतिवद्धतापत्रको प्रमाणित वा सक्कल प्रति ।

४. आयोजनामा उपयोग हुने ३ वटा श्रोत खोला रहे अनुरुप सबै खोलाको पानी फर्काउने संरचना उल्लेखित डिजाईन नक्शा र ड्रइंग सहितको आयोजनाको सम्भाव्यता अध्ययन वा विस्तृत इन्जिनियरिंग डिजाईन र डिजाईन नक्शा र ड्रइंग तथा सोको विद्युतीय प्रति ।

५. आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन ।

६. आयोजनाको लागि आवश्यक घर जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत विवरण ।

..........................
(दुर्गानारायण भुसाल)
ईन्जिनियर

बोधार्थ:
श्रीमान् महानिर्देशक ज्यू, विद्युत विकास विभाग ।